नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
☎ {६६१४८०१
{६६१४४३७
फ्याक्स : ६६१४६०७

पत्र संख्या :
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०७८।१०।०७

# सवारी साधनहरु सञ्चालन सम्बन्धमा थप स्पष्ट गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन सहितको संक्रमण तीव्र रुपमा बढ्दै गएको सन्दर्भमा सो को रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन यस कार्यालयवाट मिति २०७८।१०।७ गते राती १२:०० बजे देखि लागू हुने गरी जारी गरिएको आदेशको बुँदा नं. ५ मा रहेको सवारी साधन सञ्चालन सम्बन्धी व्यवस्थालाई देहाय बमोजिम हुने गरी थप स्पष्ट गरिएको छ ।

१. सार्वजनिक र निजी सवारी साधनहरु (दुई पांग्रे सहित) जिल्ला भित्र जोर गते जोर र बिजोर गते बिजोर नम्बर प्रणालीमा सञ्चालन गर्ने,

२. जोर बिजोर प्रणाली लागू नहुने गरी सञ्चालन गर्न पाईने सवारी साधनहरु
   (क) औषधि एवं स्वास्थ्य सामग्री बोकेका सवारी साधन, एम्बुलेन्स, दमकल, शववाहन,
   (ख) ग्याँस, पेट्रोलियम पदार्थ, पानी बोक्ने सवारी साधन (चालक र सहचालक मात्र),
   (ग) खाद्यान्न, दुग्धजन्य पदार्थ, फलफूल, तरकारी, अन्डा, माछामासु, पशुपंक्षीका दाना, एवं कृषि तथा पशुजन्य सामग्रीहरु बोक्ने सवारी साधन (चालक र सहचालक मात्र),
   (घ) निर्माण सामग्री बोक्ने सवारी साधन (चालक र सहचालक मात्र),
   (ङ) परिचयपत्रको आधारमा सरकारी कर्मचारी, चिकित्सक,स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सार्वजनिक संस्थानका कर्मचारीले प्रयोग गर्ने सवारी साधन,
   (च) परिचयपत्रको आधारमा बैक/बीमा/बित्तीय संस्था/वायुसेवा कम्पनीका कर्मचारीले प्रयोग गर्ने सवारी साधन,
   (छ) सूचना तथा प्रशारण विभागवाट जारी प्रेस पास/परिचयपत्र रहेका संचारकर्मीले प्रयोग गरेका सवारी साधन,
   (ज) सरकारी सवारी साधन,
   (झ) कुटनैतिक नियोगका सवारी साधन ।

२०७८/१०/०६
रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी